**असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग, विपन्न, सुकुम्वासी तथा असहायहरूलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड, २०७६**

कोभिड-१९ को संभावित सक्रमणको कारण उत्पन्न प्रतिकूल अवस्थाबाट प्रभावित असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग, विपन्न, सुकुम्वासी तथा असहायहरूलाई दैनिक जिवनयापनका लागि छथर जोरपाटी गाउँपालिकाबाट राहत उपलब्ध गराउने गरी कार्यपालिकाको निर्णय कार्यान्वयन गर्न यो मापदण्ड तयार गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस मापदण्डको नाम **"छथर जोरपाटी गाउँपालिका असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग, विपन्न, सुकुम्वासी तथा असहायहरूलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड, २०७६"** रहेको छ।

(२) यो मापदण्ड नेपाल सरकारको लकडाउन घोषणा गरेको अवधिसम्मको लागि लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा.

(क) "असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग" भन्नाले दैनिक रूपमा कामकाज गरी पटके वा दैनिक ज्याला आम्दानी गर्ने दफा ४ बमोजिमका श्रमिक, कामदार तथा मजदुर सम्झनु पर्छ।

(ख) "असहाय" भन्नाले कसैको लालन पालनमा नरही अशक्त तथा आवास विहिन भई मन्दिर, आश्रम, धर्मशाला, गुम्बा, मस्जिद, गुरुद्वारा, चर्च वा बृद्धाश्रममा बस्ने व्यक्ति सम्झनु पर्छ।

(ग) "राहत" भन्नाले गाउँपालिकाबाट निर्णय भए बमोजिम वडा कार्यालयले दफा ३ बमोजिमका श्रमिक वर्ग विपन्न, सुकुम्वासी तथा असहायहरूलाई प्रदान गरिने दफा ५ बमोजिमको सामाग्री सम्झनुपर्छ।

(घ) "स्थानीय तह" भन्नाले छथर जोरपाटी गाँउपालिका सम्झनुपर्छ।

**३. अभिलेख राख्नुपर्नेः** (१) यस मापदण्ड बमोजिमको राहत देहायका श्रमिक वर्ग विपन्न, सुकुम्वासी तथा असहायहरूलाई प्रदान गर्न सम्बन्धित वडा कार्यालयले अभिलेख तयार गर्नुपर्नेछः

(क) पसलबाट ग्राहकको घरसम्म सामान ओसारपसार गर्ने श्रमिक,

(ख) पर्यटक भरिया, निर्माण सामाग्री भरिया तथा सवारी साधन नचल्ने, बाटोमा आवश्यक वस्तुहरू ओसारपसार गर्ने व्यक्ति,

(ग) ट्रक, ट्रिपर भ्यानबाट सामान लोड अनलोड गर्ने श्रमिक,

(घ) अन्य व्यक्तिको खेतबारीमा दैनिक ज्याला लिने गरी काम गर्ने कृषि मजदुर,

(ङ) आफ्नो नातेदार बाहेकको व्यक्तिको परिवारमा दैनिक ज्यालादारीमा सरसफाई, शिशु तथा ज्येष्ठ नागरिक स्याहार जस्ता सेवा गर्ने व्यक्ति,

(च) गिटी कुट्ने, ढुंगा फुटाउने, बालुवा चाल्ने तथा ईंटा भट्टामा काम गर्ने मजदुर,

(छ) निर्माण कार्यमा दैनिक ज्यालादारीमा काम गर्ने डकर्मी, सिकर्मी, हेल्पर लगायतका मजदुर,

(ज) नाङ्लो पसले, दैनिक रुपमा पत्रिका वितरक, साना फुटपाथ पसले, ठेला गाडा तथा साइकिलमा सामान बिक्री वितरण गरी गुजारा गर्ने तथा अन्य व्यक्तिको पसलमा काम गर्ने मजदुर

(झ) देहायका यातायात मजदुरः

(१) अन्य व्यक्तिको माल वाहक सवारी तथा डेलीभरि भ्यान चलाउने सवारी चालक, सहचालक,

(२) दैनिक ठेक्का वा ज्यालामा ट्याक्सी तथा टेम्पो चलाउने सवारी चालक,

(३) रिक्सा तथा ठेलागाडा चालक,

(४) सवारी साधनको मर्मत सम्भार गर्ने ग्यारेजमा काम गर्ने मिस्त्री तथा मजदुर।

२०७६।१२।२०

(अ) अन्य व्यक्तिको गार्मेन्ट, कार्पेट, टेलरिङ, गलैंचा, बुट्टा तथा जर्ती भर्ने कपडा पसलमा दैनिक ज्यालादारीमा काम गर्ने मजदुर।

(ट) विपन्न तथा सुकुम्वासी परिभाषित व्यक्तिहरू।

(ठ) स्थानीय तहमा दैनिक ज्यालादारीमा काम गर्ने अन्य व्यक्ति।

(२) यस दफा बमोजिमको राहत पाउने परिवार तथा व्यक्तिको अभिलेख अनुसूची-१ बमोजिम सम्बन्धित वडा सचिवले वडा सदस्य तथा वडा अध्यक्षको सहयोग लिई तीन दिन भित्र तयार गरी सार्वजनिक गर्नु पर्नेछ।

**४. राहत वितरण गर्नुपर्ने:** दफा ३ वमोजिमको लगतमा समावेश भएको श्रमिक वर्ग तथा असहायहरूलाई सम्बन्धित वडा स्तरीय समन्वय समितिले अनुसूची २ बमोजिमको ढाँचामा विवरण राखी पेश गरेको सिफारिसलाई पालिका स्तरको प्रमाणीत समिति द्वारा प्रमाणीकरण गरी दफा ५ बमोजिमको राहत तत्काल वितरण गर्नुपर्नेछ।

**५. राहत सामाग्री:** (१) खाद्य आवश्यकताको आधारमा श्रमिक वर्ग, विपन्न, सुकुम्वासी तथा असहायहरुलाई प्रति परिवारका लागि देहायका सामाग्री राहत स्वरुप वितरण गरिनेछः

(क) चामल २५ किलोग्राम (मनसुली)
(ख) दाल २ किलोग्राम (मुसुरी)
(ग) आयो नुन १ पाकेट
(घ) खाने तेल १ लिटर (सनफ्लावर)
(ङ) सावुन २ वटा (लाइफ व्वाइ)
(च) गेडागुडी
(छ) अन्य।

(२) यस मापदण्ड बमोजिम राहत वितरण गर्दा एक परिवारलाई एक इकाई मानी सम्बन्धित वडाले अभिलेख कायम गर्नुपर्नेछ। साथै, परिवार संख्या कायम गर्दा तीन जनासम्म भए उपदफा (१) बमोजिमको राहत सामाग्रीको प्रति व्यक्ति ६ के.जी. का दरले र सोभन्दा बढी ६ जना सम्म परिवार संख्या भए पुरै राहत सामाग्री, ६ जना भन्दा बढी भए प्रति व्यक्ति ६ के.जी. का दरले थप राहत सामाग्री वितरण गरिनेछ। (३) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि श्रमिक वर्ग, विपन्न, सुकुम्वासी तथा असहाय तथा तिनसँग सँगै रहेका परिवारका कुनै सदस्यले यस अवधिमा कुनै वैकल्पिक आय आर्जन गरेको अवस्थामा निजलाई यस मापदण्ड बमोजिमको राहत सामाग्री वितरण गरिने छैन।

(४) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको एकै परिवारको एकभन्दा बढी सदस्यलाई राहत सामाग्री वितरण गरिने छैन।

**६. वितरण गर्ने विधि:** (१) देहायको विधि अवलम्बन गरी दफा ५ बमोजिमको राहत सामाग्री वितरण गर्नु पर्नेछः

(क) राहत वितरणको लागि सम्बन्धित वडा समितिले सामाग्री खरिद गरी वितरण गर्ने।

(ख) सम्बन्धित वडा समितिले हुन सक्ने सम्भाव्य भिड तथा अन्य व्यवस्थापकीय समस्याका कारणले वडा समितिबाट वितरण गर्न नसक्ने अबस्था भएमा देहाय बमोजिम गर्ने:

१.गाउँपालिकाले आफ्नो क्षेत्र भित्र दफा ५ बमोजिमको सामाग्री उपलब्ध गराउन सक्ने स्थानीय आपूर्तिकर्ताबाट मूल्य सूची लिई सोको आधारमा सामाग्रीको गुणस्तर तथा मूल्य यकिन गर्ने र उपलब्ध भए सम्मका आपूर्तिकर्ताबाट छनौट गरी वडा समिति मार्फत वितरण गर्ने।

**७. राहत वितरणको अभिलेख र प्रतिवेदन:**

(१) सम्बन्धित वडाले वितरणको अनुसूची-२ बमोजिमको राहत विवरणको अभिलेख आफ्नो कार्यालयमा राखी साप्ताहिक रूपमा सार्वजनिक गर्नु पर्नेछ र सो प्रति गाउँपालिकाको कार्यालयमा पठाउनु पर्नेछ।

(२) गाउँपालिकाले राहतको प्रतिवेदन अनुसूची ३ बमोजिमको ढाँचामा पाक्षिक रूपमा राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभाग र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउनु पर्नेछ।

(३) गाउँपालिकाले राहत वितरणको नियमित अनुगमन गर्नेछ।

**८. कारवाही सम्बन्धी व्यवस्था**

(१) यस कार्यविधिमा तोकिएको मापदण्ड पूरा नभएका व्यक्तिले झुट्टा विवरण पेश गरी राहत लिनु वा दोहोरो राहत लिनु हुँदैन।

(२) यस कार्यविधिको प्रतिकूल हुने गरी राहत वितरणको लागि सिफारिस गर्ने पदाधिकारीलाई समेत प्रचलित कानुन बमोजिम कारवाही गरी त्यस्तो सिफारिस गर्ने पदाधिकारीबाट निजले सिफारिस गरेको हदसम्मको रकम गाउँपालिकाले निजबाट असुल गर्नु पर्नेछ।

अनुसुची १

(दफा ३ संग सम्बन्धित)

अभिलेखको ढाँचा

राहत प्राप्त गर्न्र व्यक्तिको विवरणः

१. नाम थरः

२. बाबुको नामः

३. बाजेको नामः

४. स्थायी ठेगानाः

५. हालको ठेगाना

६. टेलिफोन वा मोबाइल नम्बर (भएमा):

७. दैनिक ज्यालादारीमा कार्यरत स्थानः

८. गर्ने गरेको विवरणः

९. पेश गरेको कागजातको विवरणः (कम्तिमा कुनै एक कागजात संलग्न गर्नुपर्ने)

क. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा

ख. गरिब घर परिवार परिचयपत्रको प्रतिलिपि वा

ग. सवारी चालक अनुमतिपत्रको प्रतिलिपि वा

घ. अन्यः

१०. राहत लिने व्यक्तिको स्वःघोषणाः

म र मेरो परिवारका सदस्यले रोजगारी, स्वरोजगारी वा अन्य कुनै माध्यमबाट आय आर्जन गरेका छैनन् । मैले यस्तो राहत सुविधा दोहोरी लिएको छैन र लिने पनि छैन । माथि पेश गरेको विवरण ठीक साँचो हो । व्यहोरा फरक परेमा प्रचलित कानून वमोजम सँहुला बुझाउँला ।

निवेदकः

दस्तखतः

मितिः

औंठाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

सिफारिस गर्ने पदाधिकारीः

दस्तखतः

नामः

पदः

मितिः

स्थानीय तहको नामः

वडा नः

अनुसूचीः २

(दफा ७ को उपदफा १ सँग सम्बन्धित)

छथर जोरपाटी गाउँपालिका

वडा नं.....

**राहत वितरणको अभिलेख**

| सि. नं. | राहत प्राप्त गर्ने व्यक्तिको नाम | परिवार संख्या | ना.प्र.नं. | ठेगाना तथा सम्पर्क नं | बाबु को नाम | बाजे को नाम | राहतको विवरण | | | | | बुझिलिने को दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | चामल | दाल | नुन | तेल | साबुन | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

राहत वितरण गर्नेकोः

दस्तखतः

नाम थरः

सम्पर्क नः

अनुसूचीः ३

(दफा ७ को उपदफा २ संग सम्बन्धित)

छथर जोरपटी गाउँपालिका

## प्रतिवेदनको ढाँचा

| सि. नं. | राहत प्राप्त गर्ने व्यक्तिको नाम | परिवार संख्या | ना.प्र.नं. | ठेगाना तथा सम्पर्क नं | बाबु को नाम | बाजे को नाम | राहतको विवरण | | | | | बुझिलिने को दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | चामल | दाल | नुन | तेल | साबुन | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

राहत वितरण गर्नेकोः

दस्तखतः

नाम थरः

सम्पर्क नः